का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ माघ २०८०,
बिहीबार
25 January 2024,
Thursday

मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक


वर्ष २१, अंक ३५१ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

फर्जी सवारी लाइसेन्स प्रकरण

# अनुसन्धानको घेरामा दश पूर्वमहानिर्देशक












यो (शंकास्पद लाइसेन्स जारी भएको) सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग अनुसन्धानको चरणमा छ ।



**नरहरि घिमिरे**
**प्रवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**दिवाकर अधिकारी/मध्याह्न**
काठमाडौं, १० माघ ।

नक्कली सवारी लाइसेन्स प्रकरणमाथिको छानबिनमा यातायात व्यवस्था विभागका दश जना पूर्वमहानिर्देशक तानिएका छन् । दश जना पूर्वमहानिर्देशकको पालामा करिब एक लाख नक्कली लाइसेन्स बाँडिएको विषय यातायात व्यवस्था विभागकै आन्तरिक

> यातायात व्यवस्था विभागका पूर्वमहानिर्देशकहरुको बयान लिने कार्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रवेश गरेको हो । योसँगै नक्कली सवारी लाइसेन्स प्रकरणले कर्मचारीतन्त्र तरंगित भएको छ ।

अध्ययनले देखाएपछि यो विषयमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेको हो ।

कतिपय पूर्वमहानिर्देशकहरु राज्यको महत्वपूर्ण जिम्मेवारीमा समेत रहेका छन् । यसकारण यो प्रकरणमाथिको छानबिन अगाडि बढेसँगै कर्मचारीतन्त्र तरंगित भएको छ । विभागकै एक अध्ययन समितिले तयार पारेको प्रतिवेदन अनुसार करिब एक लाख भन्दा नक्कली लाइसेन्स बाँडिएको पाइएको हो । इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स एन्ड भेइकल रजिस्ट्रेसन सिस्टम प्रणालीमा शंकास्पद रूपमा भण्डारण भएका तथ्यांकहरूको छानविन गर्न गठित समितिले लाइसेन्स जारी गर्ने १० जना पूर्व महानिर्देशकहरूको नामावली प्रतिवेदनमा समेटेको थियो ।

यस्ता लाइसेन्स जारी गर्ने पहिलो महानिर्देशकमा रुपनारायण भट्टराई परेका छन् भने दोस्रो र तेस्रोमा गोगनबहादुर हमाल र नमराज घिमिरे छन् । यी महानिर्देशकको पालामा क्रमशः १० हजार ५ सय ३५ र ८ हजार २ सय लाइसेन्स जारी भएको बताइन्छ । विभागको आन्तरिक अध्ययन अनुसार पूर्वमहानिर्देशक गोगनबहादुर हमाल, नमराज घिमिरे, लावन्यकुमार पृष्ठ २ मा

## सात जना महत्वपूर्ण जिम्मेवारीमा तीन जनाले पाए अवकाश

नक्कली लाइसेन्स प्रकरणमा मुछिएका विभागका दश जना पूर्वमहानिर्देशकमध्ये तीन जनाले अवकाश पाइसके । बाँकी सात जना बिभिन्न महत्वपूर्ण जिम्मेवारीमा छन् ।

दुई जना पूर्वमहानिर्देशक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत छन् । विभागका पूर्वमहानिर्देशक गोगनबहादुर हमाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख अध्यागमन अधिकृत छन् । पृष्ठ २ मा

टेरामक्स प्रकरण

# मुख्यसचिवसँग अख्तियारको सोधपुछ

**शिव विक/मध्याह्न**
काठमाडौं, १० माघ ।

टेलिकम्युनिकेसन ट्राफिक मनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिदमा भएको भनिएको भ्रष्टाचारमा संलग्न भएको आरोप लागेका मुख्यसचिव बैकुण्ठ अर्यालसँग अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सोधपुछ गरेको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणले टेरामक्स गर्दा अर्याल सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव थिए । यो प्रकरणमा अबौं अनियमितता भएको उजुरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको थियो । त्यस सम्बन्धमा अख्तियारको अनुसन्धान अन्तिम चरणमा पुगेको बताइन्छ ।

प्राधिकरणले कल वाइपास रोक्न र राजस्व चुहावट नियन्त्रणका लागि टेरामक्स प्रविधि खरिद गर्दा डेढ अर्ब रूपैयाँ अनियमितता गरेको उजुरी आयोगमा परेको हो । अनुसन्धानका क्रममा मुख्यसचिवकै बयान लिइएको हो ।



> यो प्रकरणमा अर्यालसँगै स्वास्थ्यमन्त्री मोहन बस्नेत, पूर्वसञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, संघीय मामिला मन्त्रालयका सचिव विनोदप्रकाश सिंह, पूर्वसञ्चार सचिव महेन्द्रमान गुरुङ, प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झा पनि अनुसन्धानको चरणमा तानिन सक्छन् ।

अख्तियारका अधिकारीहरुका अनुसार बहालवाला मुख्यसचिवको बयान लिनेसम्मको विषय सायदै हुने गर्दछ । गम्भीर प्रकृतिको संलग्नताबिना बहालवाला उच्च पदस्थ अधिकारीको बयान लिन अप्ठेरो हुने उनीहरुको अनुभव छ ।

अख्तियारका अधिकारीहरुका अनुसार मुख्यसचिव अर्यालसँगै यो प्रकरणमा बहालवाला स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत, तत्कालीन सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव विनोदप्रकाश सिंह, तत्कालीन सञ्चार सचिव महेन्द्रमान गुरुङ, प्राधिकरणको अध्यक्षको जिम्मेवारीमा रहेका दिगम्बर झा लगायत पनि अनुसन्धानको चरणमा तानिन सक्छन् ।

टेरामक्स प्रविधि खरिदसम्बन्धी प्रक्रिया सुरु हुँदा बस्नेत सञ्चारमन्त्री थिए । खरिद ठेक्का आह्वान हुँदा प्राधिकरणको अध्यक्ष झा, पृष्ठ २ मा

## भ्रष्टाचारका अभियुक्त पौडेलद्वय पक्राउ

पेमेन्ट गेटवे र सेक्युरिटी प्रिन्टिङ प्रेसका भ्रष्टाचार अभियुक्त सुनिल पौडेल र विकल पौडेल पक्राउ परेका छन् । सुनिलमाथि नेसनल पेमेन्ट गेटवेमा भ्रष्टाचार गरेको आरोप लागेको छ । विकलमाथि सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा भ्रष्टाचार गरेको आरोप छ ।



*विकल पौडेल (बायाँ) र सुनिल पौडेल (दायाँ) ।*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाका अनुसार प्रमाण नष्ट गर्न सक्ने र भाग्ने सम्भावना रहेकाले दुवैलाई बुधबार पक्राउ गरिएको हो । नेपाल राष्ट्र बैंकको स्वीकृतिबिना नै उनीहरूले विदेशी बैंकमा खाता खोलेर रकम जम्मा गरेको अख्तियारको आरोप छ ।

नेपालको सरकारी सेवामा कार्यरत रहँदाकै अवस्थामा अन्तर्राष्ट्रिय परामर्शदाताको पदमा औपचारिक रूपमा नियुक्ति लिएको र विकल पौडेलले संयुक्त राज्य अमेरिकाको स्थायी आवासीय अनुमति (पीआर)समेत लिएको अख्तियार स्रोतको दाबी छ । दुवैजना अनुन्सन्धानका क्रममा रहेकाले प्रमाण नष्ट गर्न सक्ने पृष्ठ २ मा

# मौन अवधिमा मत प्रभावित पार्ने प्रयास



**आरके डिसी/मध्याह्न**
काठमाडौं, १० माघ ।

राष्ट्रिय सभा निर्वाचनको मौन अवधिमा सत्तारुढ दलकै नेताहरुले मत प्रभावित पार्ने प्रयास गरेका छन् । सत्तारुढ नेपाली कांगेसका नेताहरु आफ्ना उम्मेदवारलाई जिताउन बुधबार बिराटनगरस्थित कोइराला निवासमा भेला भएका हुन् । बिहीबार सातै प्रदेशमा १९ सिटका लागि मतदान हुँदै छ । त्यसका लागि निर्वाचन आयोगले माघ ९ गतेदेखि नै मौन अवधि लागू गरेको थियो । मौन अवधिमा उम्मेदवारका पक्षमा कुनै प्रचार-प्रसार, राजनीतिक भेला वा जमघट गर्न पाइँदैन ।

तर, त्यसलाई व्यवास्था गर्दै कांग्रेसका शीष नेताहरुले नै उम्मेदवारसहित भेला गरेका हुन । कोशी प्रदेशबाट राष्ट्रियसभाको उम्मेदवार बनेका नेता कृष्णप्रसाद सिटौलासहितका उम्मेदवारका पक्षमा माहोला बनाउन बरिठ नेता शेखर कोइराला, महामन्त्री गगन थापा, मीनेन्द्र रिजाल लगायतका शीर्ष नेताहरु कोइराला निवासको जमघटमा पुगेका थिए । उनीहरुले सामूहिक तस्वीर समेत खिचाएका छन्, जहाँ सयौं कार्यकर्ता समेत सहभागि भएका देखिन्छन् ।

उक्त जमघटले निर्वाचन आचार संहिता उल्लघंन गरेको भन्दै निर्वाचन आयोगले आपत्ति जनाएको छ । 'राष्ट्रिय सभा सदस्य निर्वाचनसँग सम्वन्धित प्रचारप्रसार, छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने व्यवस्था भएकोमा सो विपरीत हुनेगरी मोरङ जिल्लाको विराटनगरमा केही राजनीतिक दलले निर्वाचन प्रचारप्रसारका गतिविधि गरेको भन्ने जानकारी विभिन्न माध्यमबाट पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# परराष्ट्रसँग श्रम मन्त्रालय डराउँदा व्यवसायी मर्कामा

**मध्याह्न संवाददाता**
काठमाडौं, १० माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मागपत्र प्रमाणीकरण गर्ने करिब तीन हप्ता पुरानो निर्णय कार्यान्वयनमा ल्याउन सकेको छैन । मन्त्रालयले गत पुस २२ गते समयमा मागपत्र प्रमाणीकरण नहुँदा नेपाली कामदारको रोजगारी प्रभावित भएको भन्दै वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि २०८० जारी गरेको थियो ।

तर विदेश मामिला हेर्ने मुख्य जिम्मेवारीमा रहेको परराष्ट्र मन्त्रालय रिसाउने र अन्य मामिलामा समेत थप समस्या खेप्नुपर्ने त्रासले समन्वय गर्ने बहाना बनाएर मागपत्र प्रमाणीकरण गर्ने महत्वपूर्ण काम शुरु नै नगरिएको बताइएको छ ।

मागपत्र प्रमाणीकरण गर्ने मन्त्रालयको निर्णयलाई कतिपयले समय सापेक्ष र साहसिक भन्दै पूर्वमन्त्री गोकर्ण विष्टले परराष्ट्र मन्त्रालयलाई दिएको अधिकार वर्तमान मन्त्री शरतसिंह भण्डारीले श्रम मन्त्रालय फिर्ता गरेको भन्नसम्म भ्याएका थिए । तर कार्यविधिमा भएको व्यवस्थाअनुसार मागपत्र प्रमाणित नहुँदा आफूहरुलाई समस्या र युरोपेली मुलुकमा रोजगारी पाउने नेपाली कामदारको भविष्यमाथि खेलबाड गरिएको पृष्ठ २ मा

## साउदीबाट दुई नेपाली महिलाको उद्धार

**तिलोचन गौतम/मध्याह्न**
काठमाडौं, १० माघ

साउदी अरेबियाबाट दुई नेपाली महिलाको उद्धार गरिएको छ । विगत केही महिनादेखि साउदीमा अलपत्र परेका हेटौंडाकी अस्मिता तामाङ र गोरखाकी कविता गुरुङको उद्धार गरिएको हो ।



सामाजिक सञ्जालबाट समाजसेवी जेरी ताम्राकारलाई तामाङ र गुरुङ अलपत्र परेको खबर आएपछि पृष्ठ २ मा


## कतारमा नर्सहरूलाई वैदेशिक रोजगारको अवसर

कम्पनी : RESALA CARE CO. W.L.L  शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/ १०/०९  चलानी नं.: ६०२१३६५२  LT. No.: 298659

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse | 0 | 5 | स. काममा दक्ष | 4200 | १५२,९२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

VMS
श्रम इजाजत नं. ९२६/०६७/०६८
VASTU MANAGEMENT SERVICE PVT.LTD.
Balkumari, Lalitpur, Nepal, Tel. : 01-5200902/5200306 Mob.: 9808772723/9828223556 .
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com



## कुवेतको प्रतिष्ठित कम्पनीमा रोजगार अवसर

agthia
कम्पनी: AGTHIA GENERAL TRADING & CONTRACTING  शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/१०/१०  चलानी नं.: ६०२१३६४८  LT. No.:298662

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 8 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ८६२५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef De Partie | 7 | 0 | | 300 | १२९३८१ | | | | | | | |
| 3. | Commis 1 | 12 | 0 | | 176 | ७५९०३ | | | | | | | |
| 4. | Commis Ii | 12 | 0 | | 160 | ६९००३ | | | | | | | |
| 5. | Demi Chef De Partie | 7 | 0 | | 224 | ९६६०४ | | | | | | | |
| 6. | Head Chef | 1 | 0 | | 850 | ३६६५७९ | | | | | | | |
| 7. | Kitchen Cleaner | 14 | 0 | | 100 | ४३१२७ | | | | | | | |
| 8. | Runner | 19 | 0 | | 160 | ६९००३ | | | | | | | |
| 9. | Sous Chef | 4 | 0 | | 700 | ३०१८८९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | सामाजिक सुरक्षा कोष कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले व्यहोर्ने | रु. १,५००/- रोजगारदाताले व्यहोर्ने | नि:शुल्क | रु. रु २३०८/- कामदारले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । २. आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ५. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०९४/०७३/०७४
BHUMIPUTRA FOREIGN EMPLOYMENT SERVICE (P) LTD
टुकुचा चोक-२, गैह्रीधारा, काठमाडौं ।
Tel: 01-5917711, 01-5917811 , Mobile No: 9841296775, 9851128101, 9745340943,9849094455.
Email: Bhumiputraemployment@gmail..com
Website: bhumiputraemployment.com

# 'विश्वविद्यालयमा 'ब्रेक थ्रु' गर्दैछु, साथ चाहियो'

**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विश्वविद्यालयलाई अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धी शिक्षण संस्थाका रुपमा विकास गर्न आफू लागि परेको बताएका छन् ।

शिक्षा क्षेत्रमा लामो समय योगदान दिएका विज्ञसँग बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा बोलाएर छलफल गर्दै उनले विश्वविद्यालयलाई राजनीतिक भागबण्डाको थलो बन्न नदिन खुला प्रतिस्पर्धाबाट उपकुलपति छनोट गर्न लागिएको बताए ।



'देश बनाउन सबभन्दा 'बेष्ट ब्रेन' केन्द्रित हुनुपर्छ, विश्व विद्यालयलाई राजनीतिक भागबण्डाको थलो बनाउनु हुँदैन भनेर विगतको परम्परामा 'ब्रेक थ्रु' गर्न लागिएको छ,' प्रधानमन्त्री प्रचण्डको भनाइ थियो, 'यसमा बौद्धिक समुदायको साथ र सहयोगको अपेक्षा गरिएको छ ।'

प्रधानमन्त्रीसँगको छलफलमा डा.केदारभक्त माथेमा, डा.पिताम्वर शर्मा, डा.विद्यानाथ कोइराला, डा.चैतन्य मिश्र र प्रा.कृष्ण खनाल सहभागि थिए । प्रधानमन्त्रीका स्वीय सचिव रमेश मल्लका अनुसार उनीहरुले प्रधानमन्त्रीले हालै विश्वविद्यालयमा भागवण्डा नगर्ने र मेरिटोक्रेसीबाट उपकूलपति छान्ने प्रक्रिया अघि बढाउनुले नयाँ आशा पलाएको बताएका थिए । 'उपकुलपतिको लागि सरकारले विज्ञापनमा भर पर्ने होईन, सर्च कमिटीमार्फत योग्य व्यक्तिहरु खोज्नु पर्छ,' उनीहरुको उनाइ उल्लेख गर्दै मल्लले फेसबुकमा लेखेका छन्, 'विश्वविद्यालयलाई दलीयकरणबाट माथि उठाएर मात्र शैक्षिक गुणस्तर निर्माण गर्न सकिन्छ ।

# 'सूचना प्रविधिको विकासका लागि संस्थागत र जनशक्तिको पुनःसंरचना आवश्यक'

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मुलुकका हरेक क्षेत्रमा सूचना र प्रविधिको विकास लागि संस्थागत र जनशक्तिको पुनःसंरचना आवश्यक रहेको बताएकी छन् । आगामी १६औँ पञ्चवर्षीय योजनामा समेटिनुपर्ने मन्त्रालय र मातहतका निकायका लक्षित कार्यक्रमबारे बुधबार मन्त्रालयमा भएको छलफलमा उनले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि पनि दक्षजनशक्ति र चुस्त निकाय बनाउन उक्त पुनःसंरचना आवश्यक रहेकामा जोड दिइन् ।



मन्त्री शर्माले मन्त्रालयलमातहतका निकायको संस्थागत र सञ्चारमाध्यममा रहेका जनशक्तिको पुनःसंरचना गरी क्षमता अभिवृद्धिमा लाग्न सबैलाई आग्रह गरिन् । साथै उनले आजको युगमा सूचना र प्रविधि हरेक क्षेत्रको उदाउँदो र अपरिहार्य विषय भएकाले सूचना प्रविधि प्राधिकरण वा यस्तै अन्य संस्थागत संरचनाको आवश्यकता औँल्याइन् ।

मन्त्री शर्माले मन्त्रालय एक्लैले मात्र काम गरेर सफलता हासिल नहुने भन्दै मातहतका निकायका नेतृत्वले पनि उत्साहका साथ काम गर्नुपर्ने बताइन् ।

कार्यक्रममा मन्त्रालयलका सचिव रामकृष्ण सुवेदीले सोह्रौँ योजना आगामी पाँच वर्षसम्म मुलुक रुपान्तरणका लागि मार्गनिर्देशन भएकाले सोहीअनुसार कुनै पनि विषय नछुटने गरी समावेश गर्नका लागि लाग्न मातहतका निकायलाई निर्देशन दिए । साथै उनले योजनामा लक्षित कार्यक्रम समावेश गर्ने सन्दर्भमा मातहतका निकायलाई मन्त्रालयले समाधानका लागि गर्नुपर्ने आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा मन्त्रालयका उच्च कर्मचारीका साथै मातहतका निकायका प्रमुख र पदाधिकारीको सहभागिता थियो ।

# स्वस्थानी व्रतकथा आजदेखि

**काठमाडौं/मस–** आज पौष शुक्ल पूर्णिमा । आजदेखि माघ शुक्ल पूर्णिमासम्मको एक महिने अवधिमा नेपालका विभिन्न शक्तिपीठको पूजा आराधना गरिन्छ । ती स्थानमा सतीदेवीको अङ्ग पतन भएपछि देवीदेवताको बास रहेको विश्वासका आधारमा यो परम्परा सुरु भएको हो ।

आजदेखि वैदिक सनातन धर्मावलम्बीले घर घरमा विधिपूर्वक गरिने माघ स्नान, स्वस्थानी व्रत एवं कथा वाचन सुरु गरेर यी देवीदेवताको पूजा आराधना सुरु गर्दै छन् । वैदिक सनातन धर्मावलम्बी पनि विशेषगरी नेपालमा बसोवास गर्नेले नै यो पर्व मनाउँछन् । भारतलगायत अन्य देशका हिन्दू धर्मावलम्बीले कमैमात्र यो विधिबाट पूजा आराधना गर्छन् । यसैले यो नेपालकै मौलिक परम्पराको रुपमा रहेको छ । नेपालमा पनि धेरैजसो महिलाले नै यो व्रत गर्छन् ।

नेपालमा गरिने स्वस्थानी व्रतकथाका विषयमा विद्यावारिधि शोध गरेकी अमेरिकी नागरिक जेसिका भेन्तिन बिर्केनहोल्ज यो परम्परा दक्षिण एसियाकै अरु देशमा नभेटिएको बताउँछिन् ।



पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना स्वस्थानी व्रत र माघ स्नान गरिन्छ । पौष शुक्ल चतुर्दशीको दिन हात गोडाका नङ काटी स्नान गरी शुद्ध वस्त्र पहिरिएर यसको सुरुवात् हुन्छ । बिहान माघ स्नान गरी मध्यान्हकालमा महादेवको पूजा गरिन्छ । बेलुकी स्कन्द पुराणको केदार खण्ड अन्तर्गत माघ माहात्म्यको कुमार अगस्त्यबीच संवाद भएको स्वस्थानी व्रत कथा सुन्ने, सुनाउने परम्परा छ । कुल परम्परा अनुसार कथावाचन भने कसैले बिहान त कसैले बेलुकी गर्छन् ।

## फर्जी...

ढकाल र कुमारप्रसाद दाहाल पनि मुछिएका छन् । ढकालको कार्यकालमा ७ हजार ३ सय ९४ र कुमारप्रसाद दाहालको पालामा ३ हजार ५ सय ४९ वटा शंकास्पद र नक्कली लाइसेन्स जारी भएको प्रविवेदनमा छ । पूर्वमहानिर्देशकहरु चन्द्रमान श्रेष्ठ, तुलसीनाथ गौतम, टोकराज पाण्डे, नारायणप्रसाद भट्टराई र सुरेश राउतको कार्यकालमा क्रमश १४५९, ११३६, १०८४, ६९७ र ३५० शंकास्पद नक्कली लाइसेन्स जारी भएको आन्तरिक प्रतिवेदनको निष्कर्ष छ ।

अखितयार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरे शंकास्पद नक्कली लाइसेन्सका सम्बन्धमा अनुसन्धान जारी रहेको बताउँछन् । उनी भन्छन्, 'शंकास्पद लाइसेन्स जारी भएको विषयमा अख्तियार छलफलमा छ । यो विषय अनुसन्धानको चरणमा अगाडि बढेको छ ।'

## सात...

लाइसेन्स प्रकरणमा मुछिएका अर्का पूर्वमहानिर्देशक डा. टोकराज पाण्डेय त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख छन् । विभागका अर्का पूर्वमहानिर्देशक नमराज घिमिरे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सहसचिव छन् ।

पूर्वमहानिर्देशक कुमारप्रसाद दाहाल हाल विभाग भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको भूमि व्यवस्थापन महाशाखामा सहसचिव छन् । अर्का पूर्वमहानिर्देशक तुलसीनाथ गौतम हाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सहसचिव छन् । हाल गृहमन्त्रालयका सहसचिव एवं प्रवक्ता रहेका नारायणप्रसाद भट्टराई पनि नक्कली लाइसेन्स प्रकरणमा मुछिएका छन् । दुई महिना विभागको महानिर्देशक भएका सुरेश राउत पनि यो प्रकरणमा संलग्न रहेको आरोप लागेको छ । हाल उनी भने चीनको चेङ्दुस्थित नेपालको महावाणिज्य दूतावासमा महावाणिज्यदूत छन् ।

तीन जना भने अवकाशमा गइसकेका छन् । अवकाशमा जानेहरुमा रुपनारायण भट्टराई, लावण्यकुमार ढकाल र चन्द्रमान श्रेष्ठ छन् । विद्युतीय सवारीचालक अनुमतिपत्र प्रणाली लागु भएको सुरुवाती चरणमा महानिर्देशक भएका चन्द्रमान श्रेष्ठको पालामा एक हजार ४५९ नक्कली लाइसेन्स वितरण भएको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

श्रेष्ठ ०७२ को भदौ ७ मा विभागको महानिर्देशक नियुक्त भएका थिए । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ०७५ सालमा उनीविरुद्ध एक करोड ३४ लाख ५ सय ३६ रुपैयाँ भ्रष्टाचार गरेको ठहर गर्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको थियो । विशेष अदालतले २०७७ साउनमा अख्तियारको दाबी पुष्टि हुन नसकेको ठहरसहित सफाइ दिएको थियो ।

## टेरामक्स...

सञ्चारमन्त्री बस्नेत र सञ्चार सचिव महेन्द्रमान गुरुङ थिए । उनीहरूका पालामा सुरु भएको टेरामक्स प्रविधि खरिद प्रक्रिया सञ्चारमन्त्री कार्की, सञ्चार सचिव अर्याल र प्राधिकरणको अध्यक्ष पुरुषोत्तम खनाल हुँदा सम्पन्न भएको थियो ।

बोलपत्रको कागजात हेरफेर गरी लेबनानको कम्पनी भेनराइजलाई अनुकूल हुने गरी ठेक्का दिएको र त्यस कम्पनीसँगको मिलेमतोमा डेढ अर्ब रूपैयाँ घोटाला गरिएको आशंका छ । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले प्रतिबन्ध लगाएको देशको कम्पनीसँग टेरामक्स जस्तो संवेदनशील प्रविधि खरिद गर्दा पनि असरको विश्लेषण नगरिएको आरोप छ । बस्नेत सञ्चारमन्त्री हुँदा २०७४ कात्तिकमा खरिद प्रक्रिया सुरु गरिए पनि त्यसपछिका सञ्चारमन्त्रीहरू गोकुल बास्कोटा, पार्वत गुरूङ, नैनकला थापाको पालामा अगाडि बढेको थिएन । तथापि, बास्कोटाको भूमिकाको सम्बन्धमा प्रश्न उठेको छ । कार्की सञ्चारमन्त्री भएपछि यो प्रक्रिया टुंग्याइएको थियो । खदिका लागि टेन्डर आह्वान भएपछि सर्वोच्च अदालतमा मुद्दा परेको थियो । सर्वोच्चले खरिदका लागि बाटो खोलेपछि अगाडि बढेको थियो ।

## भ्रष्टाचारका...

र भाग्न सक्ने देखिएकाले पक्राउ पुर्जी दिएर हिरासतमा लिइएको अखितयारले जनाएको छ । उनीहरूमाथि थप अनुसन्धान भइरहेको छ ।

## मौन...

आयोगमा प्राप्त हुन आएको छ,' आयोगले विज्ञप्ति जारी गर्दै भनेको छ । आचार संहिता उल्लघंन भएकोबारे आयोगले मोरङका प्रमुख जिल्ला अधिकारीलाई स्पष्टीकरण सोधेको छ । मौन अवधिमा राजनीतिक दलले निर्वाचन प्रचारप्रसारका गतिविधि गरेको भन्दै आयोगले प्रमुख जिल्ला अधिकारीलाई २४ घण्टाभित्र जवाफ दिन निर्देशन दिएको हो ।

'यस सम्वन्धमा निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ र निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (५) विपरीतको कार्य भएको हो वा होइन ?,' आयोगले भनेको छ, 'सत्यतथ्य बुझी २४ घण्टाभित्र आयोगमा प्रतिवेदन पेश गर्न प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मोरङलाई आयोगबाट निर्देशन दिइएको छ ।' राष्ट्रियसभाका रिक्त रहेका २० मध्य १९ सिटमा निर्वाचन हुन्छ भने एक जना भने सरकारको सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने छन् । राष्ट्रियसभामा प्रदेशसभाका सदस्य, नगर/गाउँपालिकाका प्रमुख/उपप्रमुखले मतदान गर्न पाउँछन् ।

## परराष्ट्रसँग...

व्यवसायीहरुको गुनासो बढेको छ । कार्यविधिमा विदेशमा नेपाली दूतावास र महावाणिज्यदूत नरहेका देश र नेपाली दूतावास र महावाणिज्यदूत रहेका भएपनि त्यहाँ फाइल पेश भएको १५ दिनभित्र प्रमाणीकरण नभएका मागपत्र प्रमाणित गर्न मन्त्रालयमा रहेको वैदेशिक रोजगार महाशाखाका सहसचिवको संयोजकत्वमा समिति गठन गर्ने व्यवस्था छ । समितिले व्यवसायीले निवेदन दिएको १० कार्य दिनभित्र छानबिन गरी प्रमाणीकरण गरी इमेलमार्फत वैदेशिक रोजगार विभाग पठाउनुपर्ने व्यवस्था छ ।

मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखाका सहसचिवको संयोजकत्वमा मागपत्र प्रमाणीकरण समितिसमे गठन गरिएको छ । समितिको सदस्य सचिवमा उपसचिव कृष्ण प्रसाद भुसाल रहेका छन् । उनले गत २२ गते नै विदेशस्थित नेपाली दूतावास र महावाणिज्य दूतावासमा १५ दिन पहिले पेश भएका तर प्रमाणीकरण नभएका मागपत्र मन्त्रालयको समितिमा पेश गर्न एक सूचनामार्फत वैदेशिक रोजगार व्यवसायीहरुलाई आग्रह समेत गरेका थिए ।

मन्त्रालयको सूचनाले मुख्यतः युरोपेली मुलुकमा नेपाली कामदार पठाउने म्यानपावर व्यवसायीहरुले उत्साहित हुँदै वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि २०८० को अनुसूची २ मा उल्लेखित कागजातसहित निवेदन पेश गरेका छन् ।

कार्यविधिको अनुसूची २ मा मागपत्र, पावर अफ एटर्नी, रोजगार सम्झौता, लेटर अफ ग्यारे, इन्ट्रापार्टी एग्रिमेन्ट, चेम्बर्स अफ कमर्शसहित गन्तव्य मुलुकको मागपत्र प्रमाणित गर्ने निकाय, रोजगारदाताको दर्ता प्रमाणपत्र, नेपाली कामदारको अवस्था, सेवा सुविधा र पारिश्रमिक स्वघोषणासहित मन्त्रालयमा मागपत्र पेश गर्नुको कारणसहित पेश गरेको विवरण फरक परेमा कानूनीरुपमा जिम्मेवार हुने प्रतिबद्धता पेश गर्नुपर्ने व्यवस्था छ ।

समितिका सदस्य सचिव भुसाल भने मागपत्र प्रमाणीकरण गर्ने कार्यविधिको काम स्थगित वा परिवर्तन नभएको बताउँछन् । उनले भने, 'नयाँ अभ्यास हो, सरोकारवाला सबैसँग समन्वय गरेर काम शुरुवात गरे त्यसको बढी स्थायित्व हुने भएकाले परराष्ट्र मन्त्रालय लगायतसँग समन्वय गरिरहेका छौं ।'

यसैबीच श्रम मन्त्रालयले मागपत्र प्रमाणीकरण गर्ने कार्यविधि जारी गरेपछि केही व्यवसायीले 'मागपत्र प्रमाणीकरण गर्ने काम परराष्ट्र मन्त्रालयको हो, श्रमलाई दिँदा भद्रगोल हुन्छ' भन्दै परराष्ट्र मन्त्रालयका कर्मचारीलाई उकास्ने काम गरेकाले पनि मागपत्र प्रमाणीकरण गर्ने श्रम मन्त्रालयको तयारीमा व्यवधान खडा भएको वैदेशिक रोजगार व्यवसायीका बीचमा चर्चा भइरहेको छ ।

कार्यविधिमा मन्त्रालयले मागपत्र प्रमाणीकरण गर्दा खाडी मुलुक र मलेसियाका लागि सय भन्दा कम कामदार भए ४० हजार, १ सय १ र सोभन्दा बढी भए ६० हजार राजस्व तोकेको छ भने पूर्वी एशिया, जापान, कोरिया, इजरायललगायतका मुलुकहरुका लागि सय भन्दा कम कामदार भए ५० हजार, १ सय १ र सोभन्दा बढी भए ७५ हजार राजस्व तोकेको छ । युरोप र अन्य मुलुकका लागि सय भन्दा कम कामदार भए ३ सय ५० युएस डलर, १ सय १ र सोभन्दा बढी भए ५ सय युएस डलर राजस्व तोकेको छ । मागपत्र संशोधनका लागि २० हजार राजस्व तोकिएको छ ।

## साउदीबाट...

ताम्राकारकै टिमको पहलमा साउदीबाट उनीहरुको उद्धार गरिएको हो । ताम्राकारलाई जिबेस बोहोरा र सेबिका आले मगरले साउदीमा तामाङ र गुरुङ अलपत्र परेको खबर दिएपछि ताम्राकारसहित यम तामु, मिलन मगर, हरि प्रसाद र एसबी तामाङको पहल तथा साउदीस्थित नेपाली दूतावासको सहयोगमा उनीहरुको उद्धार गरिएको हो ।

मंगलबार नै दुवै अलपत्र नेपाली महिला नेपाल फर्किएको र अहिले उनीहरु आ-आफ्नो घर पुगिसकेको ताम्राकारले जानकारी दिए । उनले उद्धारमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेका छन् ।


## हकदावी गर्ने बारे सूचना

**प्रकाशित सूचना मिती : २०८०/१०/११ गते**

मिति २०७१/०१/७ गते दर्ता भएको **रिलायवल इमिग्रेशन सर्भिस प्रा.लि. (१२१७५५)** नामक कम्पनी विक्रि गर्न लागेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनी जिम्मेवार हुनेछैन ।



## मलेसियामा रोजगार अवसर | कम्पनी : REGENT SECURITY SERVICES SDN BHD
शहर : SELENGOR

पूर्व स्वीकृत मिति: २०८०/१०/१० | चलानी नं.: ६०२१३७०२ | LT. No.:298726

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३५७०४७, ४३६१४९०
Mob.:9816935532, 9851337276 Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np



## कुवेतमा रोजगार | कम्पनी: B & S STATION SALON COMPANY FOR LADIES
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/१०/१० | चलानी नं.: ६०२१३७०१ | LT. No.: 298596

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technician | 0 | 6 | स. काममा दक्ष | 140 | ६०,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com



## मलेसियामा रोजगार | कम्पनी: BENCHMARK PARER PRODUCTS SDN BHD
शहर: Malaysia, Pulau Pinang

पूर्व स्वीकृत मिति: २०८०/१०/१० | चलानी नं.: ६०२१३७०० | LT. No.: 298734

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**J J Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १०४०/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu
Tel : 4486825 | 4486826 | Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com



## Naubahini Rural Municipality
## Office the Rural Municipal Executive
Lung Bahane, Pyuthan
Lumbini province, Nepal

### Invitation For Bids

**Date of First Publication date : 2080/10/11 (25th Jan 2024)**

1. **Naubahini Rural Municipality** invites bids from duly registered eligible national bidders for the folllowing works.

| Contract ID | Descriptions of work | Estimated cost (Nrs) Including VAT | Bid Document Fee (Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| 12-NRM-NCB/ W/2080/81 | "Nyalpokhari Watersupply and Sanitation Project" | 19988207.15 | 3000.00 | 500000.00 | 120 Days |

2. Information to deposit the cost of Bidding Document and Bid bond in bank.

| | | | |
|---|---|---|---|
| **Office name** | **Office of the Naubahini Rural Municipal executive, Lung Bahane, Pyuthan** | | |
| **Name of Bank** | Nepal Investment Bank Ltd. Branch Office Bahane Pyuthan | Last date of submission | 2080/11/13 (25th Feb 2024) Before 12:00 pm |
| **Rajaswa khata no.** | 07601400250146 (Naubahini Gaupalika Antarik Rajswa Khata Ga 1.1) | Opening | 2080/11/13 (25th Feb 2024) At 2:00 pm |
| **Deposit Account no.** | 07601400250023 (Dharauti Khata) | Prebid meeting | 2080/11/03(15th Feb 2024) at 5:00pm |

3. Eligible Bidders may refer complete set of bid document for further information at Office of Naubahini Rural Municipality, Bahane, Pyuthan or PPMO's Website: http://www.bolpatra.gov.np/egp. and Bidder can only bid electronically through e-procurement section of PPMO's websitehttp://www.bolpatra.gov.np/egp.
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (Twelveth Amendment-2079). Any amendments in tender notice shall be published in e-procurement section.

**Chief Administrative Officer**

# सातै प्रदेशका अस्पतालमा चिकित्सा शिक्षा अध्यापन हुने

**काठमाडौं /मस**-स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले आगामी शैक्षिक सत्रदेखि एक सयदेखि तीन सय शय्याका अस्पतालमा नर्सिङ र 'प्यारामेडिक्स'को पढाइ शुरु हुने बताए ।

बुधबार शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको ९०औँ वार्षिकोत्सव समारोहमा मन्त्री बस्नेतले आगामी शैक्षिक सत्रमा सातै प्रदेशका साविकका अञ्चल अस्पतालमा चिकित्सा शिक्षाको अध्यापन शुरु गर्न मन्त्रालयले तीव्र तयारी गरिरहेको जानकारी दिए ।

उनले टेकु अस्पताललाई मन्त्रालयको नीतिअनुसार नर्सिङ तथा पारामेडिकको शैक्षिक कार्यक्रम सञ्चालनका लागि तयार रहन निर्देशन दिए । 'आउँदो शैक्षिक सत्रदेखि देशका सबै ठूला अस्पतालमा नर्सिङ र प्यारामेडिक्सको पढाइ शुरु हुन्छ । सरकारको निर्णय छिटो कार्यान्वयनमा ल्याउन मन्त्रालयले तयारी गरिरहेको छ', उनले भने,'यस अस्पतालले पनि आवश्यक जनशक्ति उत्पादनको तयारी गर्नुपर्छ ।'



मन्त्रालयले एक सयदेखि तीन सय शय्यासम्मका अस्पतालमा नर्सिङ र प्यारामेडिक्सको पढाइ गर्ने र तीन सय शय्याभन्दा माथिका अस्पतालमा 'एमबिबिएस' को पढाइ गर्ने निर्णय गरेर मन्त्रिपरिषद्मा पठाइ सकेको मन्त्री बस्नेतले जानकारी दिए ।

सरकार चिकित्सा शिक्षा ऐन परिमार्जनको तयारीमा लागको कार्यक्रममा जानकारी गराइएको थियो । वार्षिकोत्सव समारोहमा अस्पतालमा निर्देशक डा.युवानिधि बसौलाले तीन सय शय्याको विशिष्टकृत सरुवा रोगको नयाँ भवन निर्माण प्रक्रियामा रहेको जानकारी दिए । उनले विशिष्टकृत अस्पतालको न्यूनतम् सेवा मापदण्ड शुरु भइसकेको बताए ।

नर्सिङ प्रशासक रोशनीलक्ष्मी तुईतुईले अस्पतालले आउँदो शैक्षिक सत्रदेखि नर्सिङको पढाइ गर्ने गरी तयारीबारे जानकारी दिँदै सरकारबाट अनुमति प्राप्त भएमा अध्यापन शुरु गरिने प्रतिबद्धता जनाए ।

वार्षिकोत्सवका अवसरमा कोभिड-१९ को महामारीमा अग्रणी भूमिका निर्वाह गरेको भन्दै अस्पतालले प्रमुख कन्सल्टेन्ट फिजिसियन डा.विमल शर्मा चालिसेलाई सम्मान गरेको थियो । अस्पतालमा अहिले एक सय शय्या सञ्चालनमा रहेको छ । त्यसमा २० वटा आकस्मिक शय्या रहेका छन् । अस्पतालबाट दैनिक दुई हजार जना बिरामीले बहिरङ्ग सेवा लिने गरेको निर्देशक डा बसौलाले जानकारी दिए ।

गत आर्थिक वर्ष २०७९/८० मा यस अस्पतालबाट एक लाख छ सय १९ जनाले बहिरङ्ग उपचार सेवा लिएका छन् । सोही आवमा ११ हजार चार सय ४६ जना बिरामीले आकस्मिक उपचार सेवा लिएका छन् भने एक हजार नौ सय ८७ जना अस्पतालमा भर्ना भएका थिए ।

# कलेजोको टुक्रा दिएर आमाले बचाइन् तीन वर्षीय छोरा

**भक्तपुर/मस**- आमाका लागि उसका सन्तान कलेजोको टुक्रा सरह हुन्छन भन्ने पुस्तौँदेखिको भनाइलाई वीरगञ्ज पर्साकी ३० वर्षीया सीता भट्टले प्रमाणित गरेकी छन् । कलेजोमा भएको क्यान्सरले जीवनसँग संघर्ष गरिरहेका तीन वर्षीय छोरा रिसव भट्टलाई आमा सीताले कलेजोको टुक्रा दिएर नयाँ जीवन दिएकीछन् ।



शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरमा उपचाररत रिसवलाई आमा सीताको ४० प्रतिशत कलेजोको सफल प्रत्यारोपण गरिएको अस्पतालका वरिष्ठ मिर्गौला तथा कलेजो प्रत्यारोपण शल्य चिकित्सक एवं शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा.पुकारचन्द्र श्रेष्ठले बताए । उनको नेतृत्वमा चिकित्सकसहितको ५० जनाको टोलीले निरन्तर १४ घण्टाको शल्यक्रियापछि कलेजोको सफल प्रत्यारोपण गरेको हो । कलेजो झिकेको छ दिनमा आमा र नौ दिनपछि छोरालाई 'डिस्चार्ज' गरिएको केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले बताए ।हाल बालक र आमा दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको डा.श्रेष्ठको भनाइ छ ।

बालकमा कलेजो प्रत्यारोपणका लागि केन्द्रमा कार्यरत सम्पूर्ण चिकित्सक, नर्सिङ तथा अन्य प्राविधिक जनशक्ति, पाटन अस्पतालका बालरोग विशेषज्ञ डा.पूजा अमात्यलगायतको नर्सिङ टोली, कान्ति बाल अस्पतालका वरिष्ठ बाल रोग विशेषज्ञ डा.सुमित अग्रवाल र डा.वर्षा बर्मा तथा भारतीय चिकित्सकको सहायता लिइएको उनले बताए ।

दाताको काटिएको कलेजो तीन महिनामै ९० प्रतिशतसम्म वृद्धि हुने र दातामा कुनै समस्या नआउने डा.श्रेष्ठको भनाइ छ । रिसब बुबा रूपक र आमा सीता भट्टका एक्ला छोरा हुन् । रिसवलाई सुरुमा बान्ता हुने, वाकवाकी लाग्ने, खाना अपच हुने जस्ता समस्या देखिएपछि भरतपुर क्यान्सर अस्पतालमा लगिएको थियो । त्यहाँ जाँच गर्दा उनको कलेजोमा क्यान्सर पहिचान भएपछि कीमोथेरापी दिइएको थियो । आमा सीताका अनुसार क्यान्सर रोगको पहिचान भएपछि बालकलाई उपचारका लागि भारतका दिल्लीमा लगिएको थियो । तर भारतमा उपचार गर्दा धेरै खर्च भएपछि आफन्त र एक चिकित्सकमार्फत भक्तपुरको प्रत्यारोपण केन्द्रमा ल्याएर बालकमा कलेजो प्रत्यारोपण गरिएको हो ।

सीताले भनिन्, 'क्यान्सर रोग पहिचान भएपछि उपचार गरी पूर्ण निको हुन्छ भन्ने लागेको थिएन, तर यो अस्पतालमा आएपछि मैले कलेजो काटेर दिएँ र छोराले नयाँ जीवन पाउन सक्यो ।'केन्द्रका वरिष्ठ प्रशासन सहायक विश्वनाथ पौड्यालले एउटा कलेजो प्रत्यारोपणका लागि रु १५ देखि २० लाखसम्मसम्म खर्च हुने बताए । तर तीन वर्षे बालकको हकमा भने रु १५ लाख मात्रै अस्पतालले लिएको उनको भनाइ छ ।

# एक वर्षपछि काममा फर्किए ठेकेदार

**बागलुङ/मस**-ठेक्का सम्झौता गरेको चार वर्षसम्म कालोपत्र गर्न नसकेका निर्माण व्यवसायी काममा फर्केका छन् । दुई वर्षभित्रै कालोपत्र सक्नेगरी २०७६ साल असोज २८ गते सम्झौता भएको सडक अझै कालोपत्र हुन सकेको छैन ।

बागलुङ नगरपालिका-४ कुँडुले चोकदेखि मालिका-पञ्चकोट पुग्ने सडक निर्माण अलपत्र पारेर सम्पर्कविहीन भएका ठेकेदार एक वर्षपछि काममा फर्केका हुन् । तीनपटक म्याद थप्दासमेत १४ किलोमिटर सडक कालोपत्र नभएपछि सरोकारवाला निकायको निरन्तरको ताकेतापछि निर्माण व्यवसायी काममा फर्केको बताइएको छ ।

पूर्वाधारको काम सकेर ठेकेदार सम्पर्कविहीन हुँदा उक्त सडक एक वर्षदेखि अस्तव्यस्त बनेको थियो । ग्राभेल गरिएको सडकमा कालोपत्र नगर्दा यात्रुलाई धुलोले सास्ती बनाएको थियो । एक वर्षदेखि



कालोपत्रको पर्खाइमा रहेको उक्त सडक निर्माणको जिम्मा पाएको काष्ठमण्डप कन्स्ट्रक्सन प्रालि काममा फर्केको पूर्वाधार विकास कार्यालय बागलुङका प्रमुख दिनेश घिमिरेले जानकारी दिए ।

घिमिरेका अनुसार निर्माण व्यवसायीलाई पत्र पठाउँदा समेत काममा नफर्केपछि गत पुस ३ गते प्रमुख जिल्ला अधिकारीको रोहवरमा निर्माण व्यवसायी र जनप्रतिनिधिबीच चैतभित्रै कालोपत्र गर्ने प्रतिबद्धता जनाएलगत्तै सडकको कामले गति लिएको हो ।

दुई वर्षदेखि कालोपत्रका लागि आवश्यक ग्राभेल (सब बेस) छरेर छाडेको सडकमा कालोपत्र नहुँदा दुर्घटनाको समेत जोखिम बढाएको थियो ।

गण्डकी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालयमार्फत रु ३१ करोड लागतमा १४ किमी सडक कालोपत्र गर्न थालिएको भए पनि ठेकेदार कम्पनीले समयमै काम गर्न नसक्दा सडक एक वर्षदेखि अलपत्र जस्तै बनेको थियो ।

दुई वर्षमा सकिने उक्त सडकको ठेक्का चार वर्ष बित्दासमेत ७६ प्रतिशतमात्रै भौतिक प्रगति भएको छ । उक्त सडकको सम्झौता मिति अन्तिम पटकलाई भन्दै आगमी चैत मसान्तसम्म म्याद थप गरिएको छ । एक महिनायता पहिरो पन्छाउने, उकालो र चिसो भएको स्थानमा ढलान गर्ने कार्य भइरहेको तथा ग्राभेलका लागिसमेत आवश्यक कच्चा सामग्रीको सुनिश्चितता भएको निर्माण कम्पनीका फिल्ड इन्चार्ज रबिन चापागाईंले बताए ।

कुडुँले चोकदेखि-मालिका-पञ्चकोट हुँदै तितौरे काठेखोला गाउँपालिकाको सिमानासम्म जाने १४ किलोमिटर सडक पहिलो चरणमा कालापत्र गर्नका लागि तत्कालीन गण्डकी प्रदेशसभा सदस्यको सिफारिसमा बजेट विनियोजन भएको थियो । गण्डकी प्रदेशको 'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक आयोजना' अन्तर्गत बागलुङ क्षेत्र नं १ को प्रदेशसभा 'ख' मा पर्ने बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकालाई समेट्ने गरी क्षेत्रीय चक्रपथका रूपमा यो सडकलाई विकास गर्ने योजनाअनुरुप स्तरोन्नतिसँगै कालोपत्र गर्ने काम थालिएको हो ।

पूर्वाधार विकास कार्यालयका इन्जिनियर सुजन देवकोटाका अनुसार सडक आठ मिटरको मापदण्डानुसार चौडा भइसकेको, एक मिटर नाली निर्माण र पाँच दशमला पाँच मिटर चौडा सडक कालोपत्र हुनेछ । निर्माण व्यवसायीलाई पत्र पठाएर ताकेता गरेपछि एक वर्षपछि व्यवसायी काममा फर्केका हुन् । उक्त सडकको ७६ प्रतिशत भौतिक प्रगति र ७४ प्रतिशत आर्थिक प्रगति भइसकेको छ ।

# रौतहट मावि दुधिअवामा नि:शुल्क रगत परीक्षण

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १० माघ

रौतहटको उत्तर पश्चिम भेगमा पर्ने मावि दुधिअवामा शिक्षक, विद्यार्थीहरूको नि:शुल्क रगत परीक्षण गरिएको छ ।

बारा जिल्लाको कोल्हवीमा रहेको जननायक अस्पतालको आयोजना तथा मावि दुधिअवाको सहकार्यमा आयोजित उक्त कार्यक्रममा बुधबार पहिलो दिन शिक्षक र विधार्थी गरी ३ सय जनाको रगत परीक्षण गरिएको हो । रगत परीक्षणको क्रममा रक्त समुह पहिचान गर्ने र त्यसको पहिचान



पत्र (ब्लड ग्रुप कार्ड) एकसाथ वितरण गरिएको थियो ।

साथै उक्त पहिचान पत्र लिएर जननायक अस्पताल आउने व्यक्ति र उसको परिवारलाई स्वास्थ्य परीक्षणमा १० प्रतिशत छुट दिने जननायकका डा.राकेश साहले बताए ।

बाँकी विद्यार्थीको रगत परीक्षण आगामी शुक्रबार गरिने भएको विद्यालयका सहायक प्रधानाध्यापक रञ्जन खरेलले बताए ।

# 'झापा विद्रोह'को स्मरणमा आधारित पुस्तक '२८ साल' विमोचित

**काठमाडौं /मस**-तत्कालीन पञ्चायतकालको विरोध र प्रजातन्त्रको स्थापनाका लागि नेपाल कम्युनिष्ट पार्टीले सञ्चालन गरेको 'झापा विद्रोह' को स्मरणमा आधारित लेखक कुमार भट्टराईकृत '२८ साल' सार्वजनिक भएको छ ।

उक्त विद्रोहमा संलग्न नेता र पात्राहरूसँगको अनुभव समेटेर लेखिएको सो पुस्तकको 'झापा विद्रोह' का एक साक्षी ठूलो दुर्गा अधिकारी, वरिष्ठ पत्रकार पुरुषोत्तम दाहाल र लेखक भट्टराईले विमोचन गरेका छन् । सांग्रीला बुक्सले प्रकाशन गरेको सो पुस्तक झापा विद्रोहका ३५ जना पात्रलाई केन्द्रित गरेर औपन्यासिक शैलीमा लेखिएको छ ।

वि.सं. २०२७ चैतमा 'पूर्वकोशी प्रान्तीय कमिटी'बाट झापाली युवाहरुले विद्रोह गरेर 'कोअर्डिनेसन केन्द्र' को गठन गरेपछि जमिन्दारी प्रथाविरुद्ध सशस्त्र कारवाही आरम्भ गरेका थिए ।

Vacancy Annoucement

One of the Reputed Manpower Agency in Kathmandu is seeking for following applicant.

Public Realation Officer (PRO) : 2 (Male)

Requirements:
Minimum 2 Years of Experienced in Manpower fields.
Minimum Bachelor's Degree Passed.

Drop your CV on : classicoverseas@gmail.com

Attractice salary for the deserving candidate.

Govt.Lic. No. 357/059/060
क्लासिक ओभरसिज मेनपावर प्रा. लि.
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४५६५७५३, फ्याक्स: ०१-४५६५७५०
| Website: www.classicmanpower.com.np

कुवेतमा रोजगार | कम्पनी : BOUBYAN PLASTIC INDUSTRIES CO. K.S.C. (CLOSED)
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०८०/१०/०९ चलानी नं.: ६०२१३६५३ L.T. No.: 298648

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers/production Helpers | 20 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Boy Cleaners | 7 | 0 | | 110 | ४७,४३९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि)
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
Govt. Lic. No. 1156/073/074 फोन: ०१४९६३४०४, ४९५७६८३, ९८१८६५८०९८, ९८०१८९४४३३

**Dilasaini Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Dilasaini, Baitadi**
**Sudur Pashchim Province, Nepal**

**Invitation for E-Bids**
**Procurement for Construction Of Samudayik Bhawan**

**TENDER NOTICE NO. : DRM/BTD/WORKS/NCB/05-2080-081**
**FIRST DATE OF PUBLICATION: - 2080-10-11 BS (2024-01-25)AD**

1. A complete set of Bidding Documents and further information can be inspected by visiting the PPMO'S website www.bolpatra.gov.np/egp .

| S N | Contract No | Description of Works | Estimated Amount ( Exclusive of Ps, contingency & VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | DRM/BTD/ WORKS/ NCB/05-2080-081 | Procurement for Construction Of Samudayik Bhawan | 2,896,205.41 | 90000/- | 3,000/- |

**(Chief Administrative Officer)**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
११ माघ २०८०, बिहीबार
25 January 2024, Thursday

## सम्पादकीय

# सिद्धान्तहीन राजनीति

राष्ट्रियसभा निर्वाचनको मतदान हुनु अघिल्लो दिन मात्रै विराटनगरमा सत्ता र विपक्षी गठबन्धनका शीर्ष नेताहरू सहभागी भएर भेलाकै आयोजना भयो । सत्ता गठबन्धनको भेला नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाको निवासमा भएको थियो भने विपक्षीको भेला एक होटलमा थियो । दुवैतर्फ शीर्ष नेताहरू सहभागी थिए । कांग्रेसको भेलामा कोइरालासहित महामन्त्री गगन थापा र कोशी प्रदेशबाट केन्द्रीय समितिमा रहेका नेताहरू सहभागी भए । विपक्षीको भेलामा नेकपा एमालेका महासचिव शंकर पोखरेलकै नेतृत्वको टोली सहभागी थिए । यसरी खुलेआम निर्वाचन आचारसंहिताको उल्लङ्घन भएपछि निर्वाचन आयोगले बुधबारै मोरङ जिल्ला प्रशासनलाई २४ घण्टे मागपत्र पठाएको थियो । संहिता बिपरीत गतिविधि भएको हो वा होइन भन्ने खुलाएर जवाफ दिन आयोगले पत्र पठायो ।

यसरी शीर्ष नेताहरूबाटै आचारसंहिता पालना नभएको स्पष्टिकरण आयोगले पठाउनुपर्ने परिस्थितिले यो प्रदेशमा राष्ट्रियसभा चुनाव चुनाव प्रतिस्पर्धात्मक रहेको अनुमान लगाउन सकिन्छ । विशेषगरी अन्य कोटातर्फ सत्ता गठबन्धनबाट उम्मेद्वार रहेका कांग्रेस पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र एमालेका समर्थनमा राप्रपाबाट उम्मेद्वार रहेका उद्धवप्रसाद पौडेलबीच चर्को प्रतिस्पर्धा देखिएको छ । कांग्रेस नेता सिटौलालाई जिताउन नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा लगायत सत्ता गठबन्धनका नेताहरू सक्रिय छन् भने राप्रपा नेता पौडेल जिताउन एमाले नेताहरू मैदानमा उत्रिएका छन् । विराटनगरमा देखिएको यो दृष्यबाट वर्तमान राजनीतिको वास्तविकता समेत उजागर हुन्छ । मतभार हजार पनि नभएका पूर्वपञ्च पौडेललाई जिताउँदा प्रदेशकै ठूलो दल रहेको कम्युनिष्ट शक्ति एमाले प्रसन्न हुने अवस्था छ । अर्कातिर कांग्रेसलाई जिताउन कम्युनिष्ट र समाजवादी शक्तिहरू लागिपरेका छन् ।

जबकी राष्ट्रियको चुनावबाट जनादेश प्राप्त जनप्रतिनिधिहरूको मतबाट समाजमा विशिष्ट योग्यता रहेका व्यक्ति निर्वाचित हुनुपर्ने हो । संविधानको भावना पनि योग्यतम व्यक्ति राष्ट्रियसभा सदस्य निर्वाचित हुनु नै हो । तर बहुदलीय प्रणालीको लाभ उठाउँदै दलका कार्यकर्ता राष्ट्रियसभा सदस्य निर्वाचित हुँदै आएका थिए । जुन आलोचनाको विषय बन्दै आएको छ । तर दलहरू त्यो भन्दा अगाडि बढेर जनादेशको समेत दुरूपयोग गर्ने यात्रामा अगाडि बढेको छ । त्यसको बलियो उदाहरण कोशी प्रदेश नै हो । यहाँ विचार र सिद्धान्तलाई सत्ताको खेलले छोपेको मात्रै छैन, आफैले बनाएको निर्वाचन आचारसंहिता समेत उल्लङ्घन गर्न दलहरू पछि परेका छैनन् । तर यस्तो प्रवृत्तिले विद्यमान संविधान र व्यवस्था बलियो हुन नसक्ने बुझ्न ढिलाइ गर्न हुन्न ।

# विमानस्थलको व्यवस्थापनमाथि प्रश्न

अग्रलेख



● ख्याम नारायण मानन्धर

देशगतरूपमा हेर्दा, त्रिभुवन विमानस्थल हुँदै सबैभन्दा धेरै सन् २०२३ मा संयुक्त अरब ईमिरेट(युएई) दुई लाख ७१ हजार ०८८ जना, भारत एक लाख ८० हजार ६०२, कतारमा एक लाख ७९ हजार ४४१, मलेसिया एक लाख ६५ हजार २०१, साउदी अरब एक लाख ३६ हजार २०३ गएका छन् । यसैगरी, अस्ट्रेलिया एक लाख पाँच हजार ३४३ गएको देखिन्छ । जापान, अमेरिका, युके र कुवेत जानेहरू क्रमशः सातौं, आठौं, नवौं र दशौं स्थानमा नेपालीको गन्तव्य देखिएको छ । करिब आठ लाख आठ हजार नेपालीहरू वैदेशिक रोजगारीमा विश्वका विभिन्न देशहरूमा गएको देखिन्छ । गत नेपालबाट सर्वाधिक कामदारहरू रोजगारीमा जाने देश दुबई परेको छ । जहाँ एक लाख १६ हजार १५९ जना नयाँ श्रम स्वीकृति लिएर श्रमिकहरु गएका थिए ।

यति धेरै संख्यामा संयुक्त अरब इमिरेटस (दुबई) रोजगारीमा जाने कामदारहरूको मुख्य देशको भू-राजनैतिक अवस्थाका सात प्रदेशहरूमा दुबई, अवुधावी, शारजह, अजमान, उम अल-क्वाईन, फुजिराह र रस अल खाईमह हुन्, जसमा अवुधारी र दुबई रोजगारीमा प्रमुख गन्तव्य बनेका देखिन्छन् । विश्व पर्यटकीय प्रमुख गन्तव्यहरूमा दुबईमा पर्यटकहरू आकर्षणका लागि अति शानदार, महँगा होटल तथा अन्य कृत्रिम संरचनाहरूको निर्माण गरिएको छ । ब्रज अल खालिफा, दुबई मल, पाम जुमेराह, ब्रज अल-अरब, दुबई मरिना, दुबई क्रिक, जुमेराबीच, मिराकल गार्डन, डेजर्ड सफारी, दुबई संग्राहलय प्रमुख गन्तव्य छन् । दुबईको मुख्य आर्थिक स्रोत नै पर्यटक बनेको देखिन्छ ।

संयोग नै भनौं केही दिन अगाडी स्वयम् पंक्तिकारले कार्य क्षेत्र वैदेशिक रोजगार भएकाले पनि केही दिनको दुबई भ्रमणमा त्यहाँको वस्तुस्थिती नजिकैबाट नियाल्ने प्रयास गरेको थियो । वर्ड लिंक र खल्ती एप्सले भाग्यशाली उपभोक्ताहरूको निःशुल्क दुबई भ्रमणको अवसर ट्राभल्स रुट प्रा.लि.बाट हवाई टिकट साथै त्यहाँ पुगेपश्चातका सबै प्याकेजको व्यवस्थापन गरिएको थियो । समय तालिकाअनुसार नै भरपूर्ण सदुपयोग गर्ने अवसर मिल्यो ।

दुबईको बुर्ज दुबईस्थित नेपाली गार्डेन (बोलीचालीको) नजिकैको होटेल वेस्कर्ट, जहाँ धेरै जसो नेपाली तथा भारतीय पर्यटकहरूको रोजाईको होटलमा राखिएको थियो । पहिलो टोली समूहमा गएकाले समय सीमाको परिधिभित्र रहेर घुम्ने साथै, मनोरञ्जन लिने अवसर त थियो नै तर, पंक्तिकारको इच्छा भने त्यहाँ गएका नेपाली कामदारहरूको जीवनशैली, बसाइको अवस्था, रोजगारीको चाह, श्रम अधिकारका बारेमा प्रत्यक्ष सात्क्षात्कार लिनु थियो ।

नेपालबाट भिजिट भिषामा जान कढाई गरिएको, जसमा तोकिएका शर्तहरू पूरा गरे मात्र दुबईको पनि भिजिट भिषामा जान सहज भयो । अध्यागमनका हरेक वस्तुस्थिति नियाल्दै गर्दा अधिकांश नेपालीहरू रोजगारीका लागि नै गएका थिए । साथमा लगेका लगेज तथा ब्यागहरू नियमित प्रक्रियाअनुसार नै थिए । हवाई यात्रामा भने नेपाली यात्रुहरूको उडानका अवधिमा हवाई जहाजभित्र अलि अमर्यादित वा अनावश्यक आवत-जावतले भने अभिमुखिकरण शिक्षामा कमि रहेको देखियो ।

पाँच घण्टाको उडानमा एकै व्यक्ति छ/सात पटक ओहोर दोहोर गरेको, सिटमा नबसी उभिएर यताउति हेर्ने वा अलि अस्वभाविक स्वभाव मानौं नेपालका लामो दुरीमा चढ्ने बसका यात्रुहरूका जस्तै गतिविधि देखाउँदा साथैमा यात्रा गर्ने अन्य देशका नागरिकहरूको कस्तो मुल्यांकन रह्यो, आम हवाई यात्रामा हुनुपर्ने शालिनता समग्र देशको परिचय बन्न सक्छ ।

दुबई एयरपोर्टमा नयाँ र पुराना यात्रुहरूका हकमा छुट्टा छुट्टै व्यवस्था रहेको पाइन्छ, नयाँ यात्रुहरूले आफ्नो राहदानीसहितको कागजात दिएर आँखा स्क्यान गर्नुपर्ने, सकिएपश्चात त्यहाँबाटै सिमकार्डसहित राहदानी फिर्ता लिई लगेज लिनका लागि तोकिएको नम्बरमा जानुपर्ने, सोपश्चात मात्र विमानस्थलमा लिन आउने सम्बन्धित पक्षलाई भेटेर गन्तव्यमा पुग्न सकिने छ ।

दुबई सामान्यतः ट्याक्स फ्रि देशका रूपमा लिइन्छ, तर हरेक क्षेत्रले त्यहाँको कानुनलाई जिम्मेवार ढंगले दायित्व बहन गर्नुपर्ने अवस्था छ । गल्तीमा कुनै पनि क्षमा छैन । सवारी चलाँउदा होस् वा बटुवाहरूको सामान्य कमजोरी दोषी देखिए, माफीको सम्भावना छैन । पर्यटक भिषामा म्याद सकिएकाहरूले कत्ति पनि ढिलाई नगरी म्याद थप वा अन्य कानुनी वैद्यताका आधारहरू खोज्नु पर्दछ । ब्रुज दुबई जहाँ नेपालीहरूको शहर जस्तै छ, त्यहाँ केही नेपाली साथीहरूसँगको भलाकुसारीमा अधिकांश भिजिट भिषामा आएर काम गरेको, जाँदा फरक-फरक शुल्क नेपालका एजेन्टहरूलाई अधिकतम तीन लाखसम्म तिरेको भन्ने आवाज थियो, तापनि त्यहाँ गएर केही प्रतिष्ठित कम्पनीहरूमा अन्तरवार्ता दिएर काम गरेको सम्पूर्ण कानुनी प्रक्रिया कम्पनीहरूले नै पूरा गरिदिने भन्ने थियो । साना तथा ठूला स्थानीय बजारमा हरेक पसलमा नेपाली कामदारहरूको उपस्थिति थियो । हिन्दी भाषा त्यस क्षेत्रको बोलिचालीको भाषा देखियो ।



नेपाली श्रमिकहरूले त्यहाँको श्रमकानुनको बारेमा ज्ञान लिनु त पर्छ नै तर, हरेक दुई सय दिरामभन्दा बढीको खरिदमा भ्याट बिल लिनुपर्ने, जुन रकम त्यहाँको एयरपोर्टमा फिर्ता पाउने रहेछ । सुन खरिद, मोबाइल वा ल्यापटप खरिदका भ्याट बिलसहितको कागजात लिएर दाबी फारम भरे फिर्ता पाउने देखिन्छ । नेपाली युवाहरू नेपाल फर्कदा ह्याण्डक्यारी बाहेकका हरेक लगेजहरूमा प्लास्टिक ऱ्यापिङ गरिएको देखियो । कारण र तत्थ्य के होला भन्ने जिज्ञासा थियो । त्यसरी ऱ्याप गर्न छुटेकाहरूले पनि २ दिराम दिएर दुबई एयरपोर्टमा लगेज ऱ्याप गर्न पाउँछ भन्ने सुनियो । त्यहाँबाट ल्याएको लगेज नेपालका अध्यागमनमा टुफुट गरिदिने, च्यातिदिने, सामान चोरिदिने भन्ने आम यात्रुहरूमा नकारात्मक छाप परेको देखिन्छ । तर, महत्वपूर्ण सामानहरू लगेजमा नराख्न सबैलाई सुझाइन्छ । यद्यपि, नेपालीहरूको आफ्नै देशको अध्यागमनप्रतिको यो अविश्वासले विश्व जगतमा नराम्रो प्रभाव पर्न सक्छ । यस्तो अवस्थालाई चिर्न वैदेशिक रोजगारबाट नेपाल फर्कने कामदारहरूलाई नेपाल सरकारले ग्यारेन्टी दिन सक्नुपर्छ ।

> *विदेशबाट ल्याएको लगेज नेपालका अध्यागमनमा टुटफुट गरिदिने, च्यातिदिने, सामान चोरिदिने गरिन्छ भन्ने आम यात्रुहरूमा नकारात्मक छाप परेको छ । अध्यागमनप्रतिको यो अविश्वासले विश्व जगतमा नराम्रो प्रभाव पर्न सक्छ । यस्तो अवस्थालाई चिर्न नेपाल सरकारले ग्यारेन्टी गर्ने परिपाटी मिलाउनुपर्छ ।*

महँगो दुबई शहरमा नेपालीहरूको न्यून पारिश्रमिक रकममा बचत गर्न सक्ने अवस्था देखिँदैन । पाइला-पाइलामा खर्च हुने वा खर्च गर्ने वातावरण त्यहाँको सरकारबाट स्थापित गरिएको छ । महँगो पानी, भोजनसहित फजुल खर्च गर्नेहरूलाई भने दुबई श्रमको गन्तव्य मुलुक होइन । यद्यपि, स्वदेश फर्किएका नेपालीहरूको भने व्यक्तिगत व्यथा अनगिन्ती थिए, जसमा अधिकांशहरू श्रम शोषण, आर्थिक शोषणमा परेकाहरू थिए । सपना मात्र हैन, जीवन र समयको पनि बवार्दी भयो भन्नेहरू हवाई जहाजभित्र उपलब्ध खाना, पानी पनि किन्नु पर्ने हो कि भनेर लिन अस्वीकार गरेका थिए । केही नेपालीहरू विमानबाट ओर्लेपश्चात नेपाली भूमीलाई ढोग गरेको प्रत्यक्ष देख्दा यो देशको सरकार र नेताहरूलाई नै गाली वा दोष दिनुपर्छ । विदेश रहर थिएन बाध्यता थियो, जुन अवस्था यो देशका सरकार र नेताहरूले नै सिर्जना गरेको हो । आखिर जहाँ जे भए पनि भिजिट भिषामा गएर दुःख पाइयो भन्नेहरू अब थप अन्य साथीहरूलाई नबोलाउन सुझाउनु पर्दछ ।

भलै एकाधको संयोग वा भाग्यले सोचेँ जस्तो होला तर, अधिकांशहरूले भने समय, श्रम-पसिना, धन र जवानीको बर्वादी गरेका छन् । त्यहाँ खेर गएको समय स्वेदशमै लगानी गर्न सकेको भए सायदै देशको माटोले पनि सार्थकता पाउँथ्यो होला ।

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाइँ**

भारतको गौतम अडानीको आँखा नेपालको विमानस्थल र जलविद्युतमा छ । भारतको टाटा समूहको आँखा गोरखकाली रबर उद्योग, वीरगञ्ज चिनी कारखाना र विराटनगर जुटमिलमा छ । पहिला पार्टीका कार्यकर्ता लगाएर उद्योग-कलकारखानालाई कवाडीखाना बनाए, अब बेच्ने सुरसार छ । जुवाडे समाजवाद, हरिकंगाल अग्रगमन ।



**- विनोद आचार्य**

बैंकमा जम्मा गराएको डिपोजिट रसिद देखाउनु पर्ने कारणले बाउन्स चेक जम्मा गराएर हिसाब मिलान गरेको देखिएको, सोही बाउन्स चेकबाट रवि लामिछानेको खातामा पैसा जम्मा गर्ने प्रक्रिया भएको तर, पैसा जम्मा नभएको हो । हे पत्रकार जी यो प्रकृयामा दोषीको रवी कि ग्यालेक्सी टिभी ?



**- भीम रावल**

सहकारी नेपाली अर्थतन्त्रको एक खम्बा र समाजवाद उन्मुख प्रणालीको महत्वपूर्ण अंग मानियो । उल्टो यो दलाल, बिचौलिया र भ्रष्टहरूको खेलमैदान बन्यो । यसमा नीति, नेतृत्व दिने सरकार, मन्त्रालय, विभाग र राजनीतिक-संस्थागत नेतृत्व गर्ने जिम्मेवार छन् । छानबिन गरी दोषीलाई कारबाही र पीडितको उद्धार होस् ।



**- रञ्जित तामाङ**

कांग्रेस, एमाले र माओवादीको थुतुनो देखेर जनता यत्ति वाक्कदिक्क भएका छन् कि रवि लमिछानेले किर्ते, जालसाँझी, ठगी त के गलखन्तीले घरको भित्ता फोरेर डकैती गरेको भिडियो भाइरल भए पनि रास्वपाले सान्दार भोट पाउने निश्चित छ । कांग्रेस, एमाले र माओवादी के साह्रो बिग्रेका हौं ?

# मधुमेह के हो ? कसरी जोगिने ?

स्वास्थ्य



● डा ज्योति भट्टराई

मधुमेह (चिनी रोग)लाई अङ्ग्रेजीमा 'डायबिटिज' भनिन्छ । रगतमा लामो समयसम्म चिनीको मात्रा बढी हुने रोगलाई सामूहिक रुपमा डाक्टरी भाषामा 'डायबिटिज मिलाइटस' वा 'डायबिडिज मलाइटस' भन्ने गरिन्छ । रगतमा हुने 'इन्सुलिन' नामक हर्मोनले रगतमा भएको चिनी अर्थात् ग्लुकोजलाई शरीरका कोषमा प्रतिक्रिया गराएर त्यहाँबाट शक्ति उत्पादन गर्न मद्दत गर्दछ ।

फलस्वरुप रगतमा चिनीको मात्रा निश्चित स्तरभन्दा माथि जान सक्दैन । शरीरभित्र इन्सुलिन बनाउने काम प्यानक्रियाज ग्रन्थीको हो । प्याक्रियाजले आवश्यक मात्रामा इन्सुलिन बनाउन सकेन भने वा भएको इन्सुलिनसँग कोषले प्रतिक्रिया जनाउन सकेन भने रगतमा चिनीको मात्रा बढ्न जान्छ । लामो समयसम्म रगतमा चिनीको मात्रा बढिरह्यो भने मुटु, मिर्गौला, आँखा, खुट्टालगायत विभिन्न अङ्गमा हानि पुग्दछ ।

केही वर्षयता विश्वव्यापी रुपमा मधुमेहका रोगी संख्या दिन प्रतिदिन बढ्दो छ । सन् १९८० पछिको तथ्यांकलाई हेर्ने हो भने १८ वर्षमाथिका चार प्रतिशतमा मधुमेह देखिएको थियो । यो समस्या अहिले साढे आठ प्रतिशतभन्दा बढी मानिसमा देखिएको छ । सन् २०१५ मा १६ लाख मानिसको यो रोगले मृत्यु भएको मानिन्छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले विश्वमा झन्डै ४२ करोड मानिसलाई मधुमेह रोग रहेको अनुमान गरेको छ ।

विश्वमा करिब २२ करोड मानिस मधुमेह रोगबाट प्रभावित रहेको र आगामी २०३० सम्ममा यो संख्या दोब्बर हुने डब्लुएचओले जनाएको छ । विश्वमा रोगबाट मर्नेहरुमध्ये पाँच प्रतिशत मधुमेहका रोगी छन् । यदि तत्काल कुनै प्रभावकारी कदम नचालिएमा आउँदो १० वर्षमा मधुमेहबाट ज्यान गुमाउनेको संख्या ५० प्रतिशतले बढ्नेछ । सन् २०३० सम्ममा १७ वर्षमुनिका मानिसको मृत्यु दरमा मधुमेहको हिस्सा ५० प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

नेपालमा पनि प्रत्येक घरमा मधुमेहका रोगी बढिरहेका छन् । कति रोगी छन् भन्ने तथ्यांक नभए पनि झन्डै आठ प्रतिशत मानिसलाई मधुमेह हुनसक्ने अनुमान गरिएको छ डब्लुएचओले नेपालमा पनि ४० वर्षसम्म उमेर समूहका करिब १५ प्रतिशत मधुमेहबाट ग्रसित रहेको र सो उमेर समूहभन्दा माथिका करिब १९ प्रतिशतलाई मधुमेह लागेको तथ्यांक स्वास्थ्य विभागले दिएको छ । ग्रामीण क्षेत्रमा भन्दा पनि सहरी क्षेत्रमा मधुमेह प्रमुख स्वास्थ्य समस्याका रुपमा रहेको छ ।

पहिले-पहिले मधुमेह ४० वर्ष कटेपछि हुन्थ्यो भन्ने भनाइ थियो । बढ्दो आधुनिकीकरण, खानेकुरामा विषादीको अत्याधिक प्रयोग, अनियन्त्रित जीवनशैलीका कारणले पनि होला मधुमेहको समस्या विकराल बन्दैछ । बूढेसकालमा लाग्ने रोग भनिने यो रोग अहिले ३०-३५ वर्षभित्रै मधुमेह देखिन थालेको छ । अस्वस्थकर जीवनशैली, पत्रुखाना, अत्यधिक तनाव आदिले गर्दा अहिले त युवावस्थामै मधुमेह हुन्छ । मधुमेहका धेरै हुन्छन् । मधुमेहलाई मुख्य दुई प्रकारमा हेर्न सकिन्छ ।

खानपान, जीवनशैली र भौगोलिकतासँगै वंशाणुगत मधुमेह रोग लाग्छ । वातावरणीय कारण खानपान, तनाव मात्र होइन, प्रदूषण, खाद्यान्न उत्पादनमा रासायनिक मलको प्रयोग पनि मधुमेहसँग जोडिएको पाइएको छ । मोटोपन भएका मानिसमात्र होइन, स्वस्थकर खाना नभएर, कुपोषण भएकालाई पनि मधुमेह हुनसक्छ । आमालाई कुपोषण हुँदा पनि उनीबाट जन्मिएको बच्चालाई पछि मधुमेह हुनसक्छ । गर्भावस्थामा पनि विविध कारणले मधुमेह हुन्छ ।

कतिपय मानिसमा वंशाणुगत कारण पनि मधुमेह हुने गर्दछ । मधुमेह भएको बिरामीमा पटक-पटक पिसाब लाग्ने, दुब्लाउँदै जाने, थकान महसुस गर्ने, सङ्क्रमणहरु निको नहुने, पानी प्यास लाग्ने हुन्छ । झन्डै ५० प्रतिशत व्यक्तिमा त यसको लक्षण नै देखिँदैन । लक्षण देखिएन भन्दैमा मधुमेह भएको छैन भनेर ढुक्क हुन सकिँदैन । त्यस्ता व्यक्तिहरुमा पनि केही लक्षणहरु जस्तैः बढी प्यास लाग्नु, दुब्लाउँदै जानु, घाउ संक्रमण आदि छिटो निको नहुनु, थकान महसुस हुनु, पिसाब बढी लाग्नु, भोग लाग्नु, मुख सुख्खा हुनेजस्ता लक्षणहरु देखिन्छ ।

जोखिम मधुमेह हुँदैमा डराइहाल्नु पर्दैन । सावधानी अपनाउने हो भने यसबाट आउन सक्ने विभिन्न जटिलबाट हामी जोगिन सक्छौं । यो दीर्घकालीन रोग भएकाले एकपटक लागिसकेपछि यसलाई राम्रोसँग नियन्त्रणमा राखेर व्यवस्थापन गर्नुको विकल्प नै छैन । जीवनशैलीमा सुधार ल्याएर, व्यायाम गरेर, स्वस्थ भोजन गरेर पेटको गोलाइ बढ्न दिइएन भने मधुमेहको समस्याबाट टाढा रहन सकिन्छ ।

धेरै मानिसहरु मधुमेह भएको पत्ता लाग्नासाथ डाक्टरको सल्लाह लिनुभन्दा आत्तिने वा अनेक घरेलु औषधितिर लाग्ने गरेको देखिन्छ । यसले रोग निको हुनुभन्दा झन् जटिल बनाउने हुन्छ । बिरामीलाई पहिलो प्रकारको मधुमेह भएको छ भने इन्सुलिनको सुई दिनुपर्ने हुन्छ भने दोस्रो प्रकारको मधुमेहमा चिकित्सकले बिरामीलाई खानपानमा अपनाउनुपर्ने सावधानीका बारेमा बताउँछन् र सँगसँगै रगतमा भएको चिनीको मात्रा नियन्त्रण गर्नका लागि खाने गोली पनि दिन सक्छन् ।

### सावधानीका उपाय

मधुमेहको लक्षण देखिएमा वा नदेखिएमा पनि जाँच गरेर प्रेसर, सुगर र कोल्डस्टोर सुरक्षित घेराभित्र राख्नुपर्छ । यो भनेको नराम्रो र महँगो पर्ने रोगबाट जोगिने उपाय हो । गुलिया खानेकुरा शरीरका लागि हानीकारक हुन्छन् । बढी चिनी हाम्रो शरीरले पचाउन सकेन भने त्यो फ्याटमा परिवर्तन हुन्छ । पछि गएर त्यसले चिनीरोग मात्रै होइन, मुटुरोगको जोखिमलाई पनि बढाउँछ ।

गुलिया मिठाई मात्रै नभएर कोक, फ्यान्टा, जुसले पनि मधुमेह हुन सक्छ । बजारिया पेयपदार्थमा पनि फ्रुक्टोसिरफ भन्ने हालेको हुन्छ, यसलाई मेडिकल साइन्सले विषै मान्छ । विश्वका एक लाख व्यक्तिमा अनुसन्धान गर्दा विभिन्न प्रकारका पत्रु खाना, रेसा नभएका खाना, बिस्कुट आदिको प्रयोग गर्ने मानिसमा दोस्रो प्रकारको मधुमेह बढी भएको देखिएको थियो ।

मधुमेह मात्रै होइन, जुनसुकै रोगबाट बच्न मदिरा र सुर्तीजन्य पदार्थसेवन गर्नु हुँदैन । स्वस्थ जीवनका लागि व्यायाम अनिवार्य छ । हाम्रा शरीरका सबै अङ्गलाई राम्ररी चलाउनुपर्छ । दिनमा एक घन्टा वा कम्तीमा आधा घन्टा हिँड्नैपर्छ । मधुमेहबाट बच्ने अर्को सावधानीको उपाय भनेको तनावलाई कम गर्ने हो । तनावबाट पूर्ण रुपमा मुक्त हुन सकिँदैन तर, कम गर्न सकिन्छ ।

खुसी रहन, हाँस्न प्रयत्न गर्नुपर्दछ । दुखी रह्यो भने सुगर व्यवस्थापन गर्न गाह्रो हुन्छ । तनावमा भएका बेला सुगरको मात्रा ह्वात्तै बढ्छ । तनावमा कर्टिसोल नामक हर्मोन निस्कन्छ र यसले सुगर निकाल्छ । त्यसैले सकेसम्म हामीले तनावलाई घटाउनुपर्छ ।

अचेल मधुमेह नाप्ने यन्त्र ग्लुकोमिटर पनि सस्तैमा पाइन्छ । बेला-बेला सुगर चेकजाँच गरिरहनुपर्छ । त्यस्तै, कोलेस्टोर, उच्च रक्तचापको परीक्षण गरिरहनुपर्छ । त्यस्तै, नियमित औषधि सेवन गर्नुपर्छ । पछि गएर अन्धोपन नहोस्, मुटुरोग, यौन दुर्वलता आदि नहोस् भनेर औषधि दिइएको हुन्छ ।

## तपाईंको राशिफल

- मेष : जोखिम भएको कार्यमा नोक्सान हुनेछ । विरोधी सक्रिय हुनेछन् ।
- वृष : नाता-गोतासँग मनमुटाव रहनेछ । सन्तुलित आहार लिनुपर्छ ।
- मिथुन : अनावश्यक खर्च हुने योग छ । वाहन सावधानी राख्नुहोला ।
- कर्कट : लापरबाहीले गर्दा अशान्ति हुनेछ । रुकावटको योग छ ।
- सिंह : आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । बढी व्यस्तता रहने योग छ ।
- कन्या : सबै कार्यहरूमा धैर्य राख्नुपर्छ । वाणी सन्तुलित राख्नुहोला ।
- तुला : पदोन्नतिको योग छ । दाजुभाईको राम्रो सहयोग प्राप्त हुनेछ ।
- वृश्चिक : अनावश्यक विवादमा परिने योग छ । सामाजिक कार्यमा वृद्धि हुनेछ ।
- धनु : सबै कार्यमा विनम्रता र धैर्य राख्नुपर्छ । सफलता मिल्नेछ ।
- मकर : हतारमा कुनै निर्णय नलिनु होला । धार्मिक कार्यमा रुचि बढ्नेछ ।
- कुम्भ : व्यापारिक कार्यमा लाभ हुनेछ । लगानी बढ्दै जानेछ ।
- मीन : पारिवारिक विवादको योग छ । यात्रा सफल र सुखद रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# भूमिकास्थान नगरपालिकाको स्वरोजगार अभियानले फेरिँदै स्थानीयको दैनिकी




**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १० माघ

अर्घाखाँचीको भूमिकास्थान नगरपालिकाले स्थानीयहरुलाई रोजगारी दिने उद्देश्यले नयाँ स्वरोजगार अभियान शुरु गरेपछि स्थानीयवासी हर्षित भएका छन् । स्थानीयहरुले नसोचेको आम्दानी पाउन थालेपछि उनीहरु खुसी भएका हुन् ।

नगरपालिकाले कैबाट निस्किएको पोस्कर (खोस्टा)बाट हस्तकला सामान बनाउने तालिम स्थानीयलाई दिएर रोजगारी सिर्जना गरेपछि भूमिकास्थानका नागरिकको अतिरिक्त आम्दानी हुन थालेको स्थानीय गोपाल घिमिरेले बताए । आफ्नै बारीमा फलेको मकैबाट निस्किएको पोस्करबाट मूल्यवान हस्तकला सामानबाट नसोचेको अतिरिक्त आम्दानी हुन थालेपछि आफूहरु खुसी भएको राजकुमार श्रेष्ठको भनाइ छ । गाउँमा गाईभैंसीलाई घाँस हाल्ने, नखाए खेर फाल्ने मकैको पोस्करबाट टोपी, झोला र ढकीयाजस्ता सामान बनाउने सीप सिकाएर तयारी सामान नगरपालिकाले खरिद गर्ने गरेको नगरपालिकाका प्रमुख छविलाल थापाले जानकारी दिए ।

भूमिकास्थान नगरपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ देखि सञ्चालनमा ल्याएको कर्मशील जनशक्ति परिचालन कार्यक्रम अन्तर्गत पहिलो चरणमा बाँझो जग्गामा व्यावसायिक खेती कार्यक्रम सञ्चालन गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द आचार्यले बताए । अधिकृत आचार्यले दोस्रो चरणमा पोस्कर र थाकलको पातबाट हस्तकलाका सामान तयार गर्ने जनशक्ति उत्पादन गरिएको बताउँदै मकैको पोस्कर र थाकलको पातबाट झोला, टोपी र ढकीया बनाउने ३० दिने तालिमबाट भूमिकास्थान नगरपालिकामा १ सय जना कर्मशील जनशक्ति तयार हुँदा उनीहरुको रोजगारी बढेको बताए ।

प्रत्येक वडाबाट १० जनाका दरले १ सय जना तालिम लिएर कर्मशील जनशक्तिको रुपमा काम गर्न योग्य भएको नगरप्रमुख थापाको भनाइ छ। ओम राजश्री मल्टी एग्रो प्रा.लि. काठमाडौंको प्राविधिक सहयोगमा नगरपालिकाले १० वटै वडामा सञ्चालन गरेको पहिलो चरणको ३० दिने तालिम सम्पन्न भएपछि ती जनसक्तिले काम शुरु गरिसकेको नगरप्रमुख थापाले बताए । 'खेर जाने पोस्करबाट आम्दानी दिने सामग्री बनाउन हामीले अभियान चलाएका छौं,' नगरप्रमुख थापाले भने, 'यहाँका नागरिक पनि हाम्रो अभियानलाई साथ दिँदै व्यावसायिकरूपमै काममा लाग्ने योजना बनाउन थालेका छन्। सबैलाई उत्पादनमा जोडेर भूमिकास्थानलाई समृद्ध बनाउने लक्ष्य छ ।'

३० दिने तालिमकै समयमा प्रयोग भएको पोस्कर र तयार भएका हस्तकलाका सामग्रीसमेत नगरपालिकाले खरिद गरेर पैसा दिन थालेपछि व्यावसायिकरूपमै पोस्करका सामग्री बनाउन भूमिकास्थानका किसानको रहर जागेको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत आचार्यको भनाइ छ । सुकेको पोस्करकै प्रति किलो १ सय ५० रुपैयाँ, पोस्करबाट बनेको टोपी प्रतिथान ६ सय रुपैयाँ र झोला प्रतिथान ५ सय रुपैयाँमा बिक्री हुन थालेपछि भूमिकास्थानका सर्वसाधारण दंग परेको नगरपालिकाका योजना अधिकृत हरिषचन्द्र भुसालले बताए ।

नगरपालिकाको आयोजनामा तालिम प्राप्त कर्मशील जनशक्तिले पोस्कर र थाकलको पातबाट तयार पारेका सामग्री ओम राजश्री मल्टी एग्रो प्रा.लि. काठमाडौंले बजारीकरण गर्ने गरी सम्झौता गरिएको योजना अधिकृत भुसालले बताए । ओम राजश्रीले ७ दिन पुनः रिफ्रेसिङ तालिम दिने नगरपालिकाले बताएको छ । उक्त तालिमपछि भूमिकास्थानका १० वटै वडामा तयार भएका सामग्रीलाई संकलन गर्न भूमिकास्थानको कोशेलीघर स्थापना गरी बजारीकरण गरिने नगरपालिकाका कम्प्युटर अधिकृत शेषकान्त घिमिरेले बताए ।

कर्मशील जनशक्ति परिचालनबाट तयार हुने सामग्री तथा उपजको बजारीकरणको ग्यारेन्टी भएसँगै भूमिकास्थानका सर्वसाधारणको आन्तरिक आम्दानी बढ्ने, स्वरोजगार सिर्जना हुने तथा बसाइँसराई रोकिने आंकलन गरिएको प्रमुख प्रशासकीय अधिकृत आचार्यले बताए । भूमिकास्थान नगरपालिकाका सबै जनप्रतिनिधि, कर्मचारी र स्थानीय सरोकारवालाको सक्रिय सहभागितामा गराइएको तालिम निकै फलदायी भएको र प्रतिफल समेत परिणाममुखी आउने देखिएको कम्प्युटर अधिकृत घिमिरेको भनाइ छ । घिमिरेका अनुसार अहिले नगरपालिकाले किसानलाई प्याजका बिरुवा पनि अनुदान दिने गरेको छ ।


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Leading Foreign Recruitment Pvt.Ltd. इजाजत पत्र न. ६६६/०६३/०६४ मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| S.N. | Name | Citizenship No | Address |
|---|---|---|---|
| 1 | Kumari Tamang | 111068 | General Manager |
| 2 | Dipak Kumar Tamang | 21-01-71-45069 | Documentation |
| 3 | Samjhana Bhandari | 241025/10379 | PRO |
| 4 | Nawaraj Neupane | 30500 | Accountant |

**Leading Foreign Recruitment Pvt.Ltd.**
श्रम इजाजत नं. ६६६/०६३/०६४
Omnagar Marg, Kathmandu, Tel:01-4111294. Mobile No: 9851330486, 9801814599



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/१०/११**

**तारकेश्वर इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा.लि.** को मिति २०८०/०९/२३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **क्यापस्टोन होल्डिङ्गस प्रा.लि. (प्रा.लि. नं.: १६०८००)** कायम गर्ने गरी मिति २०८०/१०/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/१०/०४ आर्थिक अभियान राष्ट्रिय दैनिक**
**दोस्रो पटक प्रकाशित मिति २०८०/१०/०८ सौर्य राष्ट्रिय दैनिक**

यस कम्पनीको मिति २०८० कार्तिक २४ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **मेगा स्टक मार्केट्स लिमिटेड (Mega Stock Markets Ltd)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने कर, दायित्व आदि परिवर्तन नाम **एनआइएमबि स्टक मार्केट्स लिमिटेड (NIMB Stock Markets Limited)** ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८० पौष १३ गते को निर्णय अनुसार कम्पनीको नाम **एनआइएमबि स्टक मार्केट्स लिमिटेड (NIMB Stock Markets Limited)** कायम गरिएको व्यहोरा जानकारी गराइन्छ ।

NIMB STOCK MARKETS LIMITED
एनआइएमबि स्टक मार्केट्स लिमिटेड
A wholly owned subsidiary of Nepal Investment Mega Bank Limited

Saket complex, Tripureshwor, Kathmandu
Phone: 015364109, 015364596
E-mail: info@nimbstock.com.np
Web: www.nimbstock.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: NILE DREAM COMPANY FOR PROVIDING LOGISTICAL SERVICES — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/१०/०९ — चलानी नं.: ६०२१३६६९ — L.T. No.: 298644

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | general labour | 40 | 0 | स. काममा दक्ष | 130 | ५६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता अञ्जली ट्रेनिङ सेन्टर झापा विर्तामोडमा २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १९ गते (2 February 2024) मा हुनेछ ।

TILE MASON(FIXER) PLASTER MASON WALL PAINTER ले समेत निःशुल्क परामर्शका लागि (9818286358) मा सम्र्पक गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Al Zahra Human Resources Consultancy Private Limited**
Gov. Lic No.: 1657/080/081
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369
Mob.: 9818286358 | 9704414954, Jhapa: 9801175493
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com



## साउदीमा रोजगार

१. कम्पनी : MAJD AL ARAB EST. TO SERVE DRINKS — शहर : SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८०/१०/१० — चलानी नं.: ६०२१३६७३ — LT. No.:298696

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**Al-karim Human Resources Pvt.ltd**
Chakrapath, Kathmandu, Phone. no.: 01-4521108, 4521056.
Email : alkarim.hr.npl@gmail.com , Website : www.alkarimhumaresources.com



## MALAYSIA मा रोजगारको अवसर

कम्पनी: ESI ACCESS SDN BHD — शहर: SELANGOR
पूर्व स्वीकृत मितिः २०८०/०३/२४ — चलानी नं.: ६०२०४३७१ — LT. No.:289067 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory worker | 8 | 2 | स. काममा दक्ष | 1500 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**अल मून ओभरसिज प्रा. लि.** (AMO)
श्रम इजाजत नं. ९९२/०६८/०६९
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोनः ०१-४९८९७१८,०१-४९८९७१९



## साउदीमा रोजगार

कम्पनी: SUPPORT GATE COMPANY FOR LOGISTICS SERVICES — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८०/१०/०९ — चलानी नं.: ६०२१३६८३ — L.T. No.: 298664

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Petrol Pump Worker | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Food And Beverage Counter Worker | 1 | 0 | | 1200 | ४२,४८० | | | | | | | |

मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ कम्पनी प्रा.लि.)
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com



## साउदीमा रोजगार

कम्पनी: Future Stars Corporations for Operation and Maintainance — शहर: Jeddah
पूर्व स्वीकृत मितिः २०८०/१०/०९ — चलानी नं.: ६०२१३६६३ — L.T. No.: 298641

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office & Facilities Cleaning Worker | 12 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: Crystal Arab Company for Modern Industries Ltd — शहर: Jeddah
पूर्व स्वीकृत मितिः २०८०/१०/०९ — चलानी नं.: ६०२१३६६६ — L.T. No.: 298640

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PACKAGING & WRAPPING WORKER | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**S. P. M. OVERSEAS PVT. LTD.**
Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Mob.: 9840998620/9842151398/ 981-3127393/981-7612727
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com



## युएईमा रोजगारको अवसर

कम्पनी : LAVOYA RESTAURANT LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०७/१० — चलानी नं.: ६०२०९४०० — LT. No.: 294447 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fast Food Maker | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०५९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beverage Maker | 10 | 0 | | 1400 | ५०५९६ | | | | | | | |
| 3. | Shawarma Maker | 10 | 0 | | 1400 | ५०५९६ | | | | | | | |
| 4. | Grill Chicken Maker | 10 | 0 | | 1400 | ५०५९६ | | | | | | | |
| 5. | Waiter | 8 | 0 | | 1400 | ५०५९६ | | | | | | | |
| 6. | Arabian Food Cook | 8 | 0 | | 1400 | ५०५९६ | | | | | | | |
| 7. | Baker | 10 | 0 | | 1400 | ५०५९६ | | | | | | | |
| 8. | Foreign Food Cook | 8 | 0 | | 1400 | ५०५९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/ कामदारले तिर्ने | नि:शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**ARABIAN CENTERS EMPLOYMENT SERVICES PVT. LTD**
Gairigaun, Sinamangal-09, Kathmandu, Ph.: 01-5914527.
Email : arabianjobsnepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: Marifa Muhammad Eid Al-Anazi Foundation for providing meals — शहर:RIYADH
पूर्व स्वीकृत मितिः २०८०/१०/१० — चलानी नं.: ६०२१३६५१९ — LT. No.: 298702

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Rukn Qamhiyat Bread and Sweets Company Factory — शहर:RIYADH
पूर्व स्वीकृत मितिः २०८०/१०/१० — चलानी नं.: ६०२१३६६० — LT. No.: 298703

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging & Wrapping Worker | 13 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० माघ १८ गते ( 1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com



## KUWAIT मा रोजगार

१. कम्पनी: ASHWAQ ALMUTAWA LADIES BEAUTY SALON CO — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०७९/११/०४ — चलानी नं.: ६०१९६६६८ — LT. No.:281183 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper / Worker / Acleaner (Indoor) | 0 | 11 | स. काममा दक्ष | 120 | ५१,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: TWINKLE SHINE EST FOR GENERAL CLEANING CONTRACTING OF BUILDINGS — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०७९/११/०४ — चलानी नं.: ६०१९६६६७ — LT. No.:281182 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 14 | स. काममा दक्ष | 120 | ५१,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**BLUE OCEAN RECRUITMENT PVT. LTD.**
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
Government Licence No.:1163/073/074
ISO Certified 9001:2015
New Baneshwor-10, Kathmandu — 4576215, 4591772
info@blueoceanmanpower.com — www.blueoceanmanpower.com



## यूएई र कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: PRIVATE EYES MANAGEMENT CONSULTANCIES CO. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०५/०५ — चलानी नं.: ६०२०६६०४ — L.T. No.: 291404 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ENERGY PLUS TECHNICAL SERVICES WLL — शहर: Doha
पूर्व स्वीकृत मितिः २०८०/०९/०६ — चलानी नं.: ६०२११९१२ — L.T. No.: 296874 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricain (Gen) | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 4 | 0 | | 1200 | ४३,६९२ | | | | | | | |
| 3. | Mason | 1 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 4. | Mechanic | 9 | 0 | | 2500 | ९१,०२५ | | | | | | | |
| 5. | Painter | 1 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 6. | Pipe Fitter | 1 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 7. | Plumber | 5 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 8. | Sales Supervisor | 1 | 0 | | 2500 | ९१,०२५ | | | | | | | |
| 9. | Supervisior | 2 | 0 | | 2500 | ९१,०२५ | | | | | | | |
| 10. | Technician | 1 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 11. | Welder | 7 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | यूएईको रु. १०,०००/- कतारको नि:शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**BRIGHT FUTURE HR SOLUTION PVT.LTD.**
श्रम इजाजत नं. १६०२/०७९/०८०
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-५९१४६३२,
फोन नं.: ९८०३७११६०५, ९८१८०१२७०१, ९८४१८०७२९८,९७६२८८४२१८
Email : cvsbrightfuturehrs@gmail.com



## साउदीमा रोजगार

कम्पनी: GULF STEPS COMPANY FOR OPERATION AND MAINTENANCE — शहर: RIYADH
पुर्व स्वीकृत मितिः२०८०/०८/०१ — चलानी नं.:६०२१०१६२ — LT. No.: 294996 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 14 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १८ गते (1 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073

मध्यान्ह
www.madhyanhadaily.com
११ माघ २०८०, बिहीबार
25 January 2024, Thursday

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**नवलपरासी (बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश, नेपाल**

# नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०८**
**दोस्रो पटक प्रकाशित मिति : २०८०/१०/११**

